# जनवादी गणतन्त्र चीन सरकार
# तथा
# श्री ५ को सरकार, नेपाल
# बीच
# चीनको स्वशासित क्षेत्र तिब्बत र नेपाल
# बीच
# व्यापार तथा अन्य सम्बन्धित विषयमा सम्पन्न
# सम्झौता

जनवादी गणतन्त्र चीन सरकार र श्री ५ को सरकार, नेपाल (यसपछि दुई पक्ष भनिएको);

दुई देश बीचको मैत्रीपूर्ण तथा असल छिमेकीको सम्बन्धलाई अझ विकसित गर्न ईच्छुक हुँदै;

एक अर्काको सार्वभौमसत्ता र क्षेत्रीय अखण्डताको पारस्परिक सम्मान, आपसी अहस्तक्षेप, एक अर्काको आन्तरिक मामिलामा अहस्तक्षेप, समानता र पारस्पारिक लाभ तथा शान्तिपूर्ण सह-अस्तित्वका पांच सिद्धान्तका आधारमा दुवै देशका जनता खास गरी नेपालका जनता र चीनको स्वशासित क्षेत्र तिब्बतका बासिन्दा बीचको परम्परागत मैत्रीपूर्ण सम्बन्धलाई अभिबृद्धि गर्ने मनसायले;

मैत्रीपूर्ण सरसल्लाहपछि निम्न बमोजिम गर्न सहमत भएका छन् ।

## धारा १

चीनको स्वशासित क्षेत्र तिब्बत र नेपाल बीचमा निम्न प्रावधानका आधारमा मानिसहरुको आवागमन व्यवस्थित गर्न दुई पक्षहरु सहमत भएका छन् ।

१. अर्काको देशको यात्रा गर्न इच्छुक एक देशको कूटनीतिक अधिकारी, सरकारी कर्मचारीहरु तथा अन्य नागरिकहरुले (यस धाराको प्रकरण ३, ५ र ६ तथा धारा ७ को प्रकरण ३ मा व्यवस्था गरिएका बाहेक) आफ्नो देशबाट जारी भएको बैध राहदानी र अर्को देशबाट जारी भएको प्रवेशाज्ञा लिनुपर्नेछ । तेस्रो

देश हुँदै नेपाल वा चीनको स्वशासित क्षेत्र तिव्वत प्रवेश गर्ने अर्को देशका नागरिकहरुले पनि आफ्नो देशबाट जारी भएको बैध राहदानी र अर्को देशबाट जारी भएको प्रवेशाज्ञा लिनुपर्नेछ ।

२. परम्परागत र विशेष रुपमा नेपाल र चीनको स्वशासित क्षेत्र तिव्वत बीचको व्यापारमा संलग्न एक अर्को देशका व्यापारीहरु (यस धाराको प्रकरण २ अन्तर्गतका व्यक्तिहरु बाहेक), उनीहरुका पति वा पत्नी, आश्रित बच्चाहरु र अनुचरहरुले आफ्नो देशबाट जारी भएको बैध राहदानी र अर्को देशबाट जारी भएको प्रवेशाज्ञा लिनेछन् । उनीहरुलाई परिस्थिति एवं आवश्यकताको आधारमा एक बर्ष सम्म बैध हुने एकल, दुई वा बहु प्रवेशी प्रवेशाज्ञा दिन सकिनेछ ।

३. कुनै एक पक्षद्वारा सीमानाका जिल्लाहरुका वासिन्दाहरु भनी तोकिएका व्यक्तिहरु (यसपछि "सीमानाका वासिन्दाहरु" भनिएका), जो अर्को देशका सीमानाका जिल्लाहरुमा साना व्यापारी मेला वा सानो मात्रामा सीमा व्यापार वा साना व्यापार लगायतका सीमा व्यापारका लागि वा मित्रहरु वा नातेदारहरुलाई भेट्नका लागि यात्रा गर्न चाहन्छन्, अर्को देशको सीमानाका जिल्लाहरुमा यात्रा गर्नु पूर्व सक्षम अधिकारीद्वारा जारी गरिएको आवागमन अनुमतिपत्र लिनुपर्नेछ (यस्तो अनुमतिपत्रको विस्तृत विवरण दुबै पक्षद्वारा कूटनीतिक तबरले निर्धारण गरिने र उपयुक्त रुपमा लागू गरिनेछ) र सीमाना जांच केन्द्र वा सीमा जांच चौकी वा प्रवेश गरेपछि भेटिने पहिलो रीतपूर्वक रुपमा अधिकार प्राप्त सरकारी निकायबाट गरिने जाचलाई स्वीकार गर्नुपर्नेछ । त्यस्ता व्यक्तिहरु अर्को देशको सीमाना जिल्लाहरु भन्दा भित्री भागमा जाने छैनन् । तर यस प्रकरणमा उल्लेख गरिए बमोजिम नतोकिएसम्म र नयां व्यवस्थाहरु लागू नहुन्जेलसम्म प्रचलित ब्यवस्थाहरु नै कायम रहनेछन् ।

४. अर्को देशको सीमानाका जिल्लाहरु भन्दा पर यात्रा गर्न चाहने एक देशका सीमानाका वासिन्दाहरु र अन्य नागरिकहरुले आफ्नो देशबाट जारी भएको बैध राहदानी र अर्को देशबाट जारी भएको प्रवेशाज्ञा लिनुपर्नेछ ।

५. एक अर्को देशका सीमानाका धार्मिक आस्थावान वासिन्दाहरुले पनि धार्मिक यात्राको लागि सीमानाका जिल्लाहरुको आवागमन अनुमतिपत्रको आधारमा

अर्को देशमा यात्रा गर्न सक्नेछन् । तर तिनीहरु त्यस देशको सीमानाको जिल्ला भन्दा पर जाने छैनन्; एक अर्को देशका सीमानाका वासिन्दाहरु जो अर्को देशको सीमानाका जिल्लाहरु भन्दा पर यात्रा गर्न चाहन्छन् र एक अर्को देशका सीमानाका बासिन्दाहरु वाहेक धार्मिक आस्थावान व्यक्तिहरुले आफ्नो देशवाट जारी भएको बैध राहदानी र अर्को देशबाट जारी भएको प्रवेशाज्ञा वा आफ्नो सरकारको आधिकारीक निकायबाट जारी गरिएको र अर्को देशबाट मान्यता प्राप्त वाहकको तस्वीर टाँसिएको धार्मिक यात्रुको परिचयपत्र लिनुपर्नेछ र अर्को देशको सीमाना जाँच केन्द्र वा सीमा जाँच चौकी वा रीतपूर्वक प्रवेश गरेपछि भेटिने पहिलो रीतपूर्वक रुपमा अधिकार प्राप्त सरकारी निकायबाट गरिने जांचलाई स्वीकार गर्नु पर्नेछ । धार्मिक यात्रुको प्रमाणपत्र वाहक व्यक्तिहरु दुवै तर्फबाट सहमति भएका प्रवेश नाकाबाट मात्र अर्को देश भित्र प्रवेश गर्न वा त्यहांबाट बाहिर निस्कन सक्नेछन् र अर्को देशको सीमानाका जिल्लाहरुमा एक महिना भन्दा बढी बस्ने छैनन् । त्यस्ता नाकाहरुको सम्बन्धमा सहमति नभएसम्म हालकै आवागमन नाकाहरुको प्रयोग गरिनेछ ।

६. एक देशका भरियाहरु, खच्चडवालाहरु, सवारी चालकहरु र दक्ष कामदारहरु अर्को देशको सीमानाका जिल्लाहरुमा आवागमन अनुमति पत्र विना प्रवेश गर्न सक्ने छैनन् र सीमाना जांच केन्द्र वा सीमा जांच चौकी वा प्रवेश गरेपछि भेटिने पहिलो रीतपूर्वक रुपमा अधिकार प्राप्त सरकारी निकायको जांचलाई स्वीकार नगरी अर्को देशको तोकिएको क्षेत्र भन्दा पर जाने छैनन् । एक देशका सवारी साधनहरुले अर्को देशबाट अनुमति प्राप्त गरेपछि अर्को देशको उपयुक्त स्थानहरुमा प्रवेश गर्न सक्नेछन् ।

७. एक देशका सीमानाका वासिन्दाहरु सीमा व्यापार, साना व्यापारी मेला वा सानो सीमा ब्यापार वा साना व्यापारको लागि, धार्मिक यात्राको उद्देश्यका लागि वा नातेदारहरु वा मित्रहरु भेट्नको लागि दुई पक्षका अधिकारीहरुबीच सरसल्लाह भई सहमति भएबमोजिमका मार्ग र प्रवेश नाकाबाट यात्रा गर्न सक्नेछन् । त्यस्ता मार्ग र प्रवेश नाकाहरु नतोकिएसम्म हालका मार्ग र प्रवेश नाकाहरु नै प्रयोग गरिनेछन् । अर्को देशमा ठूलो मात्रामा व्यापारको लागि वा समूहमा वा प्रतिनिधिमण्डलमा यात्रा गर्न चाहने एक देशका व्यापारीहरुले दुई सरकारहरुबाट खोलिएका मार्ग र प्रवेश नाकाहरु, जस्तो कि चीन तर्फका पूराङ, केरोङ, न्यालाम र रिवो र नेपाल तर्फका यारी, रसुवा,

कोदारी र ओलाङचुङगोला र समय समयमा दुई सरकारहरु वीच मञ्जुर गरिने अन्य नाकाहरुबाट यात्रा गर्नु पर्नेछ । तर यस प्रकरणका ब्यवस्थाहरुले सन् १९८१ को व्यापार तथा भुक्तानी सम्झौताको धारा ८ ले गरेका ब्यवस्था अन्तर्गत रही सीमानाका वासिन्दाहरुले उपभोग गर्दै आएको बस्तु विनिमयमा आधारित परम्परागत व्यापारलाई कुनै प्रभाव पार्ने छैनन् । यसका अतिरिक्त बस्तु बिनिमयमा आधारित त्यस्ता परम्परागत व्यापारलाई यस प्रकरणमा उल्लेख गरिएका ब्यवस्थाहरुले बन्देज लगाउने छैनन् ।

८. दुवै देशका सरकारी कर्मचारीहरु, धार्मिक यात्रुहरु, व्यापारीहरु र पर्यटकहरुले सामान्य र मनासिव दरमा यातायातका साधनहरु प्रयोग गर्न पाउनेछन् ।

९. यस धाराका उपर्युक्त प्रकरणहरुमा जुनसुकै कुरा लेखिएको भए तापनि दुवै पक्षलाई आफ्नो क्षेत्र भित्र कुनै अवाञ्छित व्यक्तिको प्रवेशलाई अस्वीकार गर्ने अधिकार हुनेछ ।

१०. यस धाराका उपर्युक्त प्रकरणहरु अनुसार अर्को देशको भूमिभित्र प्रवेश गरेका एक देशका नागरिकहरु अर्को देशले निश्चित गरेका प्रक्रियाहरु पूरा गरेपछि मात्र अर्को देशको भूमिभित्र बस्न सक्नेछन् ।

## धारा-२

चीनको स्वशासित क्षेत्र तिव्वत र नेपाल वीचको धार्मिक सम्पर्क कायम राख्नु पर्नेमा दुवै पक्ष सहमत भएका छन् र सो प्रयोजनका लागि निम्न ब्यवस्थाहरु गर्न मञ्जुर भएका छन् :

१. एक देशको साधिकार स्थानीय निकायले अर्को देशका धार्मिक यात्रुहरुलाई आफ्नो भूमिमा आवागमन गर्न पाउने सुविधा उपलव्ध गराउनेछ ।

२. एक देशका धार्मिक यात्रुहरुले अर्को देशको सीमा क्षेत्रमा प्रवेश गर्दा वा त्यहांबाट निस्कदा यस सम्झौताको धारा १ को प्रकरण ५ मा तोकिएको कार्यविधि पूरा गर्नुपर्नेछ ।

३. धार्मिक यात्रुहरुले लगेका अर्को देशको कानूनद्वारा व्यवस्था गरिएका निजी सामानहरु र धार्मिक बस्तुहरु शुल्क मुक्त हुनेछन् ।

## धारा -३

दुवै पक्षहरु पारस्परिकताको आधारमा यात्रुहरु र सामान ओसार पसार गर्नका लागि ल्हासा-काठमाण्डौ राजमार्गको पूर्ण उपयोग गर्न र दुवै पक्षद्वारा सहमति भए बमोजिमका कार्यविधिका आधारमा दुई देशहरुको बीचमा व्यापार, पर्यटन र अन्य क्षेत्रमा सहयोग बिस्तार गर्न मन्जुर छन् ।

## धारा ४

एक देशका नागरिकहरु अर्काको भूमिमा शान्तिपूर्ण र सन्तुष्ट रुपमा काम गर्न र वस्न सक्ने कुराको सुनिश्चितताका लागि र दुई देशहरु वीच मैत्रीको विकास प्रवर्द्धन गर्न दुवै पक्षहरु निम्न कुराहरु गर्न सहमत भएका छन :-

१. एक देशले आफ्नो भूमिभित्र अर्को देशका नागरिकहरुको जीवन, सम्पत्ति र बैधानिक अधिकार एवं हकहरुको संरक्षण गर्नेछ ।

२. दुवै पक्षवाट अन्यथा सहमति भएकोमा वाहेक एक देशका नागरिकहरुलाई अनुमति विना अर्को देशको भूमिमा पशु लैजाने, चरन, कृषि, शिकार, रुख ढाल्न र औषधियुक्त जडीबुटीहरु संकलन गर्ने जस्ता क्रियाकलापहरुमा संलग्न हुन अनुमति दिइने छैन । यस प्रावधानको कुनै पनि उल्लंघनलाई आतिथ्य देशले आफ्नो देशको कानून अनुसार निपटारा गर्नेछ ।

३. एक देशका नागरिकहरुले अर्को देशको भूमिमा आतिथ्य देशको कानूनको पालना गर्नेछन्, कर तिर्नेछन् र स्थानीय प्रथाहरुको सम्मान गर्नेछन् ।

४. एक देशको भूमिमा परेका अर्को देशका नागरिकहरु संलग्न भएका सवै देवानी र फौजदारी मुद्दा वा विवादहरु आथित्य देशको सरकार वा न्यायिक निकायहरुवाट निपटारा गरिनेछन् । यदि त्यस्तो मुद्दा परेमा आथित्य देशले अनावश्यक ढिलाई विना पठाउने देशको कूटनीतिक वा वाणिज्य नियोग वा स्थानीय वैदेशिक मामिला कार्यालयलाई जानकारी दिनेछ ।

५. एक देशका पशुहरु, विरुवाहरु र तिनको उत्पादनलाई निर्यातकर्ता देशको रीतपूर्वक प्रमाणित गरिएको क्वारेन्टाइन प्रमाणपत्र आवश्यक पर्नेछ र आयातकर्ता देशले त्यस्ता प्रमाणपत्रहरुलाई पारस्परिकताका आधारमा मान्यता दिनेछ ।

६. दुवै पक्षहरुले दुई देशहरुको सीमानामा संरक्षित क्षेत्रको संरक्षण, प्रवर्द्धन र विकासका लागि र जीवित वा मृत जंगली जनावरहरु, चराहरु र विरुवाहरु वा तिनीहरुको नमूना वा उत्पादनको गैर कानूनी आयात निर्यात निषेध गर्नका लागि एक अर्कालाई सहयोग गर्नेछन् । दुवै पक्षहरुले सीमा वारपार आवत जावत गर्ने जनावरहरु र चराहरुको सुरक्षा र संरक्षण पनि गर्नेछन् ।

## धारा ५

१. दुवै पक्षले चीनको स्वशासित क्षेत्र तिव्वत र नेपाल वीचको आर्थिक र व्यापारिक सम्बन्धको विकासका लागि प्रोत्साहन र सहयोग गर्नेछन् । एक देशका सम्बद्ध निकायहरुले आफ्नो भूमिमा अर्को देशका व्यापारीहरुको वैधानिक अधिकार र हितको संरक्षण गर्ने र तिनीहरुको व्यापारिक क्रियाकलापलाई सहज वनाउने काम गर्नेछन् । एक देशका व्यापारीहरुले अर्कोको भूमिमा आथित्य देशको कानूनको पालना गर्नेछन् र त्यस देशको सम्वद्ध निकायको क्षेत्राधिकार अन्तर्गत रहनेछन् ।

२. दुवै पक्षले चीनको स्वशासित क्षेत्र तिव्वत र नेपाल बीचको परम्परागत सीमा व्यापारलाई प्रोत्साहित गर्नेछन् । एक देशका सीमानाका वासिन्दाहरु र व्यापारीहरु अर्को देशमा त्यस देशको साधिकार स्थानीय निकायहरुद्वारा तोकिएका प्रवेश नाकाहरु र मार्गहरु भएर आवत जावत गर्नेछन् र तोकिएका स्थानहरुमा व्यापार गर्नेछन् । त्यस्ता साधिकार स्थानीय निकायहरुले अर्को

देशका सीमानाका वासिन्दाहरु र वस्तु विनिमय, नगदमा भुक्तान गरिने व्यापार वा अन्य कुनै पनि प्रकारको सीमा व्यापारमा संलग्न व्यापारीहरुलाई सुविधा र संरक्षण प्रदान गर्नेछन् ।

३. दुवै पक्षहरुले त्यस्ता व्यापारमा गरिने भुक्तानी वैंकहरु मार्फत,अझ विशेष रुपमा प्रतितपत्रहरुद्धारा, गर्न प्रोत्साहन र सहयोग गर्नेछन् । दुवै पक्षहरुले प्रतीतपत्रद्धारा व्यापार गर्ने अवस्था नवनेसम्मका लागि सीमानाका वासिन्दाहरु र व्यापारीहरुका वीचको सीमा व्यापारलाई व्यावहारिक दृष्टिकोण राखी सहज वनाउनेछन् । सीमा व्यापारवाट उत्पन्न कुनै पनि ऋण विवादलाई दुवै पक्षका स्थानीय अधिकारीहरुले छलफलद्धारा सुल्झाउने प्रयास गर्नेछन् ।

## धारा ६

दुवै पक्षहरुले चीनको स्वशासित क्षेत्र तिव्बत र नेपालका वीचमा पर्यटन, आर्थिक विकास, प्रविधिको आविष्कार, व्यापार अभिवृद्धि, नागरिक उड्डयन सेवामा हुने सहयोगलाई प्रोत्साहन र सहयोग गर्नेछन् ।

## धारा ७

१. दुवै पक्षका स्थानीय अधिकारीहरु वीचको मैत्रीपूर्ण सम्बन्धलाई सुदृढ वनाउन र समय समयमा उत्पन्न हुन सक्ने कुनै पनि विवाद समाधान गर्न दुवै पक्षका सीमानाका जिल्लाहरुका स्थानीय अधिकारीहरुले आवश्यकतानुसार वैठक गर्ने र सूचनाको आदान प्रदान गर्नेछन् ।

२. त्यस्ता वैठकहरुको स्तर, समय, स्थान र बैठकसंग सम्बन्धित अन्य बिषय वस्तुहरु दुवै पक्षका सम्बद्ध स्थानीय अधिकारीहरुको सरसल्लाहबाट निर्धारण गरिनेछन् ।

३. एक देशका स्थानीय अधिकारीहरु त्यस्तो वैठकका लागि सीमानाका जिल्लाहरुको आवागमन अनुमतिपत्र वा आफ्नो सरकारद्धारा जारी गरिएको र अर्को सरकारद्धारा मान्यता दिइएको वाहकको तस्वीर टाँसिएको परिचयपत्रको आधारमा अर्को देशमा यात्रा गर्न सक्नेछन् ।

### धारा ८

दुवै पक्षहरुले प्रस्तुत सम्झौताका व्यवस्थाहरु कार्यान्वयन गर्ने प्रयोजनका लागि विशेष सम्झौताहरु सम्पन्न गर्न र प्रस्तुत सम्झौता भन्दा पृथक व्यवस्थाहरु गर्न सक्नेछन् ।

### धारा ९

प्रस्तुत सम्झौता हस्ताक्षर भएको मितिदेखि लागू हुनेछ र दश वर्षसम्म कायम रहनेछ र कुनै पक्षले सम्झौता समाप्त हुनुभन्दा ६ महिना पूर्व लिखित सूचनाद्धारा रद्द नगरेमा अर्को दस/दस वर्षका लागि स्वत: नवीकरण हुनेछ । कुनै पक्षले प्रस्तुत सम्झौता संशोधनको प्रस्ताव गरेमा सम्झौता संशोधनका लागि दुवै पक्षद्धारा वार्ता गरिनेछ र कूटनीतिक माध्यमद्धारा पुष्टी गरिनेछ ।

सवै प्रतिहरु समान रुपमा प्रामाणिक हुने गरी चीनीयां, नेपाली र अंग्रेजी भाषाका दुई/दुई प्रतिहरुमा आज विक्रम सम्वत् दुई हजार उनान्साठ्ठी साल आषाढ महिनाको छब्वीस गते बेइजिंगमा हस्ताक्षर सम्पन्न भयो । मतान्तर भएमा अंग्रेजी प्रति मान्य हुनेछ ।

王 毅

जनवादी गणतन्त्र चीन सरकारको तर्फबाट

श्री ५ को सरकार, नेपालको तर्फबाट

# जनवादी गणतन्त्र चीन सरकार र श्री ५ को सरकार, नेपाल बीच सम्पन्न भएको चीनको स्वशासित क्षेत्र तिब्बत र नेपाल बीचको व्यापार, आपसी सम्बन्ध र तत् सम्बन्धी प्रश्नहरू सम्बन्धी सम्झौता

जनवादी गणतन्त्र चीन सरकार र श्री ५ को सरकार, नेपाल

दुई देश बीच मैत्री तथा सुमधुर छिमेकी पनाको सम्बन्धलाई उत्तरोत्तर विकास गर्न इच्छुक भएर,

निम्न पाँच सिद्धान्तहरू:–

१. एक अर्काको सार्वभौमिकता र क्षेत्रीय अखण्डतालाई आपसमा आदर गर्ने,

२. आपसी अनाक्रमण,

३. एक अर्काको आन्तरिक मामलामा हस्तक्षेप नगर्ने,

४. समानता र आपसी हित, र

५. शान्तिपूर्ण सह-अस्तित्व

लाई दुई देश बीचको सम्बन्धलाई मार्ग दर्शन गर्ने आधारभूत सिद्धान्तको रूपमा पुनः स्वीकार गर्दै,

यी सिद्धान्तहरूको आधारमा दुई देशका जनताहरूको बीच विशेष गरेर चीनको स्वशासित क्षेत्र तिब्बतका बासिन्दा र नेपाली जनताको बीच परम्परागत मैत्री सम्बन्धलाई विकास गर्ने इच्छा गर्दै,

जनवादी गणतन्त्र चीन सरकार र श्री ५ को सरकार, नेपाल बीच भएको चीनको स्वशासित क्षेत्र तिब्बत र नेपाल बीचको व्यापार, आपसी सम्बन्ध र तत् सम्बन्धी प्रश्नहरू सम्बन्धी २ मे, १९६६ मा दुई सरकारहरूबाट हस्ताक्षर भएको सम्झौताको आधारमा वर्तमान सम्झौता गर्न सहमत भएका छन् ।

मैत्रीपूर्ण सरसल्लाह पछि दुई सरकारहरू देहाय बमोजिम गर्न सहमत भएका छन् :–

## धारा – १

चीनको स्वशासित क्षेत्र तिब्बत र नेपाल बीच व्यक्तिहरूको आवागमन देहाय बमोजिमका प्रावधानहरूबाट नियमित गर्ने कुरामा दुई सरकारहरू सहमत भएका छन् :

१. एक देशबाट अर्को देशमा जाने कुटनैतिक अधिकारी, निजामती कर्मचारीहरू र अन्य नागरिकहरू (यस धाराको प्रकरण २,३,५ र ६ अन्तर्गत पर्ने बाहेक ) ले आफ्नो देशबाट जारी गरिएको बैध राहदानी र अर्को देशबाट जारी गरिएको प्रवेशाज्ञा (भिसा) लिनु पर्नेछ । तेस्रो देशबाट चीनको स्वशासित क्षेत्र तिब्बत र नेपाल प्रवेश गर्ने प्रत्येक देशका नागरिकहरूले पनि आफ्नो देशबाट जारी गरिएको बैध राहदानी र अर्को देशबाट जारी गरिएको प्रवेशाज्ञा लिनु पर्नेछ ।

२. परम्परादेखि र विशेष गरी चीनको स्वशासित क्षेत्र तिब्बत र नेपाल बीचको व्यापारमा संलग्न रहेका प्रत्येक देशका व्यापारीहरू (यस धाराको प्रकरण ३ अन्तर्गत नपर्नेहरू), तिनीहरूका श्रीमती र जीविकाको लागि तिनीहरूमा निर्भर रहेका केटाकेटीहरू र तिनीहरूका नोकर चाकरहरूले आफ्नो देशबाट जारी गरिएको बैध राहदानी र अर्को देशबाट जारी गरिएको प्रवेशाज्ञा वा आ-आफ्ना सरकार वा रीतपूर्वकको आधिकारिक निकायबाट जारी गरिएको प्रमाणपत्रहरू लिनु पर्नेछ ।

३. खुद्रा व्यापार संचालन गर्न, मित्र वा नातेदारहरूसंग भेटघाट गर्न वा ऋतु अनुकूल बसोबास फेर्न अर्को सीमावर्ती जिल्लामा प्रवेश गर्न प्रत्येक पक्षबाट भविष्यमा तोकिने सीमावर्ती जिल्लाका बासिन्दाहरू (यसपछि सीमावर्ती बासिन्दा भनिएका) ले सम्बन्धित अधिकारीबाट जारी गरिएका सीमावर्ती बासिन्दाको प्रमाणपत्रहरू लिनु पर्नेछ र सीमावर्ती जिल्लाहरूमा कुनै कार्य गर्नु अघि अर्को देशको सीमावर्ती चौकी वा प्रवेशको पहिलो आधिकारिक सरकारी निकायमा दर्ता गर्नु पर्नेछ । तर त्यस्तो तोकिने कार्य सम्पन्न नहुञ्जेलसम्म विद्यमान प्रचलनहरू कायम रहनेछन् । तर तिनीहरूलाई अर्को देशको भित्री क्षेत्रमा प्रवेश गर्न भने अनुमति दिइने छैन ।

४. अर्को देशको सीमावर्ती जिल्ला बाहिर यात्रा गर्ने सीमावर्ती बासिन्दाहरू र अन्य नागरिकहरूले आफ्नो देशबाट जारी गरिएको बैध राहदानी र अर्को देशबाट जारी गरिएको प्रवेशाज्ञा लिनु पर्नेछ ।

५. तीर्थ यात्राको उद्देश्यको लागि यात्रा गर्ने प्रत्येक देशका धर्मावलम्बी मध्ये, अर्को देशको सीमावर्ती जिल्लाभित्र यात्रा गर्ने सीमावर्ती जिल्लाका बासिन्दाहरूले सीमावर्ती बासिन्दा प्रमाणपत्र लिनु पर्नेछ, अर्को देशको सीमावर्ती जिल्ला बाहिर यात्रा गर्ने र सीमावर्ती जिल्ला बासिन्दा नभएका व्यक्तिहरूले आ-आफ्नो देशबाट जारी गरिएको बैध राहदानी र अर्को देशबाट जारी गरिएको प्रवेशाज्ञा वा आ-आफ्ना देशका स्थानीय प्रशासनद्वारा तीर्थ यात्राको लागि जारी गरिएको प्रमाणपत्र लिनु पर्नेछ । प्रत्येक देशका धर्मावलम्बीहरूले अर्को देशको सीमावर्ती चौकी वा प्रवेशको पहिलो आधिकारिक सरकारी निकायमा दर्ता गर्नु पर्नेछ र तीर्थ यात्राको लागि अनुमति प्राप्त गर्नु पर्नेछ ।

६. प्रत्येक देशका भरियाहरू, खच्चरवालाहरू, सवारी चालकहरू र मिस्त्रीहरूले सीमावर्ती बासिन्दा प्रमाणपत्रहरू वा एक वर्ष भन्दा बढी अवधिको लागि बहाल नरहने आ-आफ्नो देशका स्थानीय प्रशासन वा रीतपूर्वकको आधिकारिक निकायबाट जारी गरिएको प्रमाणपत्र लिनु पर्नेछ र अर्को देशको सीमावर्ती चौकीमा दर्ता गर्नु पर्नेछ । अनुमति प्राप्त भएपछि तिनीहरूले तोकिएको क्षेत्रभित्र आफ्नो कार्य संचालन गर्न सक्नेछन् । प्रत्येक देशका मोटर सवारीहरू अर्को देशको अनुमति प्राप्त भएपछि त्यस देशको उपयुक्त स्थानमा प्रवेश गर्न सक्नेछन् ।

७. दुवै देशका सीमावर्ती बासिन्दाहरूले सीमा पार गरी यात्रा गर्दा सीमा प्रशासनको स्थानीय अधिकारीद्वारा तोकिएको मार्ग र प्रवेश स्थान प्रयोग गर्नु पर्नेछ ।

८. दुवै देशका सरकारी अधिकृतहरू, तीर्थ यात्रीहरू, व्यापारीहरू र पर्यटकहरूले सामान्य र मनासिब भाडामा परिवहनका साधनहरू प्रयोग गर्ने सुविधा पाउने छन् ।

९. यस धाराको माथिका प्रकरणहरूमा जुनसुकै प्रावधान भए तापनि आवश्यक देखिएमा कुनै खास व्यक्तिलाई कुनै पनि सरकारले आफ्नो ईलाकामा प्रवेश दिन इन्कार गर्न सक्नेछ ।

१०. यस धाराको माथिका प्रकरणहरू बमोजिम अर्को देशको भूमिमा प्रवेश गर्ने प्रत्येक देशका नागरिकहरू त्यस देशद्वारा तोकिएको कार्यविधिलाई पूरा गरेपछि मात्र त्यस देशको भूमिमा रहन सक्नेछन् ।

## धारा – २

चीनको स्वशासित क्षेत्र तिब्बत र नेपाल बीचको तीर्थ यात्रालाई कायम राख्न दुई सरकारहरू मञ्जूर गर्दछन् र यस प्रयोजनको लागि देहाय बमोजिमको प्रावधानमा सहमत भएका छन् :

१. कुनै पनि देशका सम्बन्धित स्थानीय अधिकारीहरूले अर्को देशबाट आएका तीर्थ यात्रीहरूको आफ्नो भूमिमा हुने प्रवेश र त्यहाँबाट हुने प्रस्थानलाई सकेसम्म सुविधाजनक पार्नेछन् ।

२. प्रत्येक देशका तीर्थ यात्रीहरूले अर्को देशको भूमिमा प्रवेश गर्दा वा छोड्दा वर्तमान सम्झौताको धारा १ को प्रकरण ५ मा तोकिएको कार्यविधिलाई पालन गर्नु पर्नेछ ।

३. प्रत्येक देशको कानूनले तोके बमोजिम र तीर्थ यात्रीहरूद्वारा तीर्थ यात्राको लागि ल्याइएका निजी झिटी गुण्टा तथा वस्तुहरूमा दुवै सरकारद्वारा महसूल छुट दिइनेछ ।

## धारा – ३

आपसी सहमति भएको कार्यविधिको अधीनमा रही व्यापार, पर्यटन तथा अन्य क्षेत्रमा दुई देश बीच सहयोगको विकास गर्नको लागि पारस्परिकताको आधारमा ल्हासा—काठमाडौं राजमार्गलाई पूर्णरूपले उपयोग गर्न दुई सरकारहरू मञ्जूर गर्दछन् ।

## धारा – ४

एक देशका नागरिकहरू अर्को देशको भूमिमा शान्तिपूर्वक रहने र सामान्य उद्यम गर्न पाउने कुरा निश्चित गर्ने र दुई देश बीचको मित्रताको विकासलाई प्रवर्द्धन गर्न दुई सरकारहरू देहाय बमोजिम गर्न सहमत भएका छन् :

१. प्रत्येक सरकारले आफ्नो भूमिमा अर्को देशका नागरिकहरूको जीउ, धन र कानूनी अधिकारको संरक्षण गर्नेछन् ।

२. प्रत्येक देशका नागरिकहरूले अर्को देशको भूमिमा अनुमति वा आपसी सहमति विना पशु चराउने, खेती गर्ने, शिकार खेल्ने, रूखहरू काट्ने र औषधोपयोगी जडिबुटीहरू टिप्ने जस्ता कार्यहरूमा संलग्न हुन पाउनेछैनन् ।

३. एक देशका नागरिकहरू अर्काको भूमिमा आतिथ्य प्रदान गर्ने देशको सरकारको क्षेत्राधिकार अन्तर्गत रहनेछन् र त्यसको कानून नियमको पालना, कर तिर्ने र स्थानीय प्रथाहरूको आदर गर्नेछन् ।

४. एक देशको नागरिक संलग्न रहेको अर्को देशको भूमिमा भएको सम्पूर्ण देवानी र फौज्दारी मुद्दाहरू वा विवादहरू आतिथ्यता प्रदान गर्ने देशको सरकारले हेर्नेछ ।

५. प्रत्येक देशका पशु, बिरुवा र तिनीहरूका उत्पादन देश बाहिर ल्याइनु अघि रोग निरोधात्मक कार्य (क्वाराइन्टाइन) गर्नु पर्ने र आतिथ्यता प्रदान गर्ने देशको रोग निरोधात्मक नियमहरूलाई त्यस्ता वस्तुहरू उसको भूमिमा ल्याएपछि आगरूकताकासाथ पालना गर्नु पर्नेछ ।

## धारा – ५

१. चीनको स्वशासित क्षेत्र तिब्बत र नेपाल बीचको आर्थिक तथा व्यापारिक सम्बन्ध बिकासलाई दुई सरकारहरूले प्रोत्साहन र समर्थन गर्ने छन् । प्रत्येक देशका सम्बन्धित अधिकारीहरूले आफ्नो भूमिमा अर्को देशका व्यापारीहरूको कानूनी हितलाई संरक्षण गर्नेछन् र तिनीहरूको व्यापारिक कार्यलाई सजिलो पार्ने छन् । प्रत्येक देशका व्यापारीहरूले अर्कोको भूमिमा सम्बन्धित कानून तथा नियमलाई पालना गर्नु पर्छ र तिनीहरू आतिथ्यता प्रदान गर्ने देशको क्षेत्राधिकार अन्तर्गत रहनेछन् ।

२. दुई सरकारहरूले चीनको स्वशासित क्षेत्र तिब्बत र नेपाल बीचको सीमा पारमा हुने परम्परागत खुद्रा व्यापारको प्रबर्द्धन गर्नुपर्छ । व्यापार संचालन गर्दा कुनै पनि देशका सीमावर्ती बासिन्दा र व्यापारीहरूले अर्को देशको सम्बन्धित स्थानीय अधिकारी द्वारा तोकिएको स्थान र मार्गद्वारा प्रवेश र प्रस्थान गर्नु पर्नेछ र तोकिएका स्थानहरूमा व्यापारमा संलग्न रहन पर्नेछ । सम्बन्धित स्थानीय अधिकारीले वस्तु विनिमयमा आधारित जस्तो सामान्य खुद्रा व्यापारमा संलग्न अर्को देशका सीमावर्ती बासिन्दाहरूलाई सुविधा र संरक्षण दिनुपर्छ ।

## धारा – ६

दुई सरकारहरूले पर्यटन तथा आर्थिक एवं प्राविधिक सहयोगको विकास गर्न र व्यापार तथा नागरिक उड्डयन सम्बन्धको विस्तार गर्न चीनको स्वशासित क्षेत्र तिब्बत र नेपाल बीचको सहयोगलाई प्रोत्साहन र समर्थन गर्नेछन् ।

## धारा – ७

जनवादी गणतन्त्र चीन सरकार श्री ५ को सरकार, नेपालद्वारा ल्हासामा महावाणिज्यदूतावास खोल्नमा मञ्जूर गर्दछ ।

श्री ५ को सरकार, नेपाल जनवादी गणतन्त्र चीन सरकारद्वारा काठमाडौंमा महावाणिज्यदूतावास खोल्नमा मञ्जूर गर्दछ ।

## धारा – ८

१. दुई सरकारका स्थानीय अधिकारीहरू बीचको मित्रता मजबूत तुल्याउन र दुई देशका सीमावर्ती बासिन्दाहरू बीच आपसी सम्बन्धका सम्बन्धमा उत्पन्न समस्या समयमा नै समाधान गर्नका लागि दुई सरकारका सीमावर्ती जिल्लाका स्थानीय अधिकृतहरूले आवश्यकता अनुसार बैठकहरू गर्न सक्नेछन् ।

२. प्रत्येक बैठकको स्तर, समय, स्थान र सम्बन्धित अन्य कुराहरू दुई सरकारका स्थानीय अधिकारीहरू आफैले आपसमा सर-सल्लाह गरी निर्णय गर्नेछन् ।

३. त्यस्ता बैठकहरूका लागि अर्को देशमा यात्रा गर्ने प्रत्येक सरकारका स्थानीय अधिकारीहरूले रोहवानी वा तिनीहरूको स्थानीय अधिकारीहरूबाट जारी गरिएको परिचयात्मक लिखत र अर्को देशको सीमावर्ती चौकीमा अध्यागमन अधिकृतबाट जारी गरिएको प्रवेशाज्ञा लिने छन् ।

धारा – ६

१. वर्तमान सम्झौता लागू भएपछि जनवादी गणतन्त्र चीन सरकार र श्री ५ को सरकार, नेपाल बीच सम्पन्न भएको २ मे, १९६६ को चीनको स्वशासित क्षेत्र तिब्बत र नेपाल बीचको व्यापार, आपसी सम्बन्ध र तत् सम्बन्धी प्रश्नहरू सम्बन्धी सम्झौता र सो सम्झौतालाई विस्तार गर्ने सम्बन्धमा ३० अप्रिल, १९७६ र ३० अप्रिल, १९८६ मा आदान-प्रदान गरिएका पत्रहरू खारेज हुनेछन् ।

२. वर्तमान सम्झौता हस्ताक्षर भएको मितिदेखि लागू हुनेछ र दश वर्षको अवधिको लागि कायम रहनेछ । यदि कुनै सरकारले वर्तमान सम्झौतालाई संशोधन वा विस्तार गर्ने प्रस्ताव राखी अर्को सरकारको सहमति पाउँछ भने, त्यसको अन्त्य हुनु ६ महिनाअघि वर्तमान सम्झौताको संशोधन वा विस्तारका सम्बन्धमा दुई सरकारहरूले वार्ता गर्न सक्नेछन् ।

चीनीया, नेपाली र अंग्रेजी भाषाका प्रतिहरूमा पईचिङमा १ अगष्ट, १९८६ का दिन सबै प्रतिहरू समान रूपले प्रामाणिक हुने गरी हस्ताक्षर भयो । परस्पर बाझिएको अवस्थामा अंग्रेजी प्रति मान्य हुनेछ ।

जनवादी गणतन्त्र चीन सरकारको
सर्वाधिकार सम्पन्न अधिकारी

吴学谦

श्री ५ को सरकार, नेपालको
सर्वाधिकार सम्पन्न अधिकारी

शैलेन्द्र कुमार उपाध्याय

## जनवादी गणतन्त्र चीन सरकार र श्री ५ को सरकार नेपाल को बीच जनवादी गणतन्त्र चीनको तिब्बत स्वशासित क्षेत्र र नेपाल बीच को व्यापार, संसर्ग तथा अन्य सम्वन्धित प्रश्नहरूको सम्वन्धमा भएको

## सम्झौता

जनवादी गणतन्त्र चीन सरकार र श्री ५ को सरकार नेपाल दुई देशको बीचको मैत्रीपूर्ण तथा असल छिमेकीको सम्वन्धलाई अझ विकास गर्ने इच्छुक भएर, निम्न लिखित पंचशीलको सिद्धान्तलाई दुई देशको बीचको सम्बन्धलाई निर्देशन गर्ने मूलभूत सिद्धान्तको रूपमा पुष्टि गर्दै,

१, एक अर्कोको क्षेत्रिय अखण्डता तथा सार्वभौमिकताको परस्परमा मर्यादा राख्ने

२, परस्परमा आक्रमण न गर्ने

३, एक अर्कोको आन्तरीक मामलामा आर्थिक, राजनैतिक वा सैद्धान्तिक रूपका कुनै किसिमको कारणवाट हस्तक्षेप न गर्ने

४, समानता तथा परस्परको भलाई र

५, शान्तिपूर्ण सह-अस्तित्व

यी सिद्धान्तहरूको आधारमा दुई देशका जनता र खास गरी जनवादी गणतन्त्र चीनको तिब्बत स्वशासित क्षेत्र र नेपाल का वासिन्दाहरूको बीच परम्परागत मैत्रीपूर्ण सम्वन्धलाई विकास गर्ने इच्छा गर्दै,

सन् १९५६ सेप्टेम्वर २० मा दुई सरकारको बीच हस्ताक्षर भएको जनवादी गणतन्त्र चीन र नेपाल अधिराज्य को बीच मित्रताको सम्वन्ध कायम गर्ने र चीनको तिब्बत क्षेत्र र नेपाल को बीच वाणिज्य र संसर्गको सम्झौताको आधारमा यो सम्झौता सम्पन्न गर्न मन्जूर गरेका छन्।

मैत्रीपूर्ण छलफलको पश्चात दुई सरकारले निम्न लिखित कुराहरूमा मन्जूर गरेका छन् :-

### धारा १

चीनको तिब्बत स्वशासित क्षेत्र र नेपाल को बीच मानिसहरूको आवागमनलाई निम्न लिखित व्यवस्थाहरूको अधीनमा रहने गर्न दुई सरकारहरूले मन्जूर गर्दछन् :

१, एक अर्को देशका कूटनैतिक व्यक्ति, निजामती कर्मचारी तथा अरू नागरिकहरूले (यो धाराको प्रकरण २,३,४, र ५ ले तोकेको वाहेकका) आफ्नो देशको सरकारद्वारा प्रदान गरिएको र अर्को देशले प्रवेश अनुमति दिएको राहदानी लिनु पर्ने छ। तेश्रो देश भएर चीनको तिब्बत स्वशासित क्षेत्र वा नेपाल मा प्रवेश गर्ने

एक अर्को देशको नागरिकहरूले पनि आफनो देशले प्रदान गरेको तथा अर्को देशले प्रवेश अनुमति दिएको राहदानी लिनु पर्ने छ।

२, रितिरिवाज अनुसार एक अर्को देशका कहलिएका तथा खास गरी चीनको तिब्बत स्वशासित क्षेत्र र नेपाल को बीच व्यापारमा लागेका व्यापारीहरू (यो धाराको प्रकरण ३ मा तोकिएको बाहेक) जीवन निर्वाहमा निजहरूमा आश्रित निजहरूका स्वास्नी छोराछोरीहरू र निजहरूका नोकर चाकरहरूले आफनो देशले प्रदान गरेको र अर्को देशले प्रवेश अनुमति दिएको राहदानी वा निजहरूको सरकार वा सरकारको विधिवत अधिकार प्राप्त एजेन्सीद्वारा प्रदान गरेका अरू प्रमाण पत्रहरू लिनु पर्नेछ।

३, एक देशको सिमानाको जिल्लाहरूका अर्को देशको सिमानाको जिल्लाहरूमा साना तिना व्यापार गर्न, मित्रहरू वा नातादारहरूलाई भेटन वा ॠतु अनुसार बसोबास बदल्न जाने वासिन्दाहरूलाई राहदानी भिसा वा अरू प्रमाण पत्रहरू लिनु पर्ने छैन तर सिमानाको चौकी अड्डामा वा अर्को देशको प्रथम भेट हुने विधिवत अधिकार प्राप्त सरकारी एजेन्सी मा नाम दर्ता गराउनु पर्ने छ।

४, एक देशको धार्मिक मतावलम्बीहरू जो तीर्थयात्रा का लागि भ्रमण गर्दछन् तिनीहरूलाई राहदानी भिसा वा अरू प्रमाण पत्रहरू लिनु पर्ने छैन तर सिमानाको चौकी अड्डामा वा अर्को देशको प्रथम भेट हुने विधिवत अधिकार प्राप्त सरकारी एजेन्सीमा नाम दर्ता गराउनु र तिर्थयात्राका लागि अनुमति पत्र प्राप्त गर्नु पर्ने छ।

५, एक देशका भरियाहरू र खच्चडवानले आफनो देशको स्थानीय सरकारद्वारा वा यस्को अधिकार प्राप्त एजेन्सीद्वारा प्रदान गरिएको एक वर्षको अवधि सम्मको मान्यता भएको प्रमाण पत्रहरू लिनु पर्नेछ र अर्को देशको सिमानाको चौकी अड्डामा नाम दर्ता गर्नु पर्ने छ र राहदानी तथा भिसा लिन निजहरूलाई आवश्यक पर्ने छैन।

६, दुई देशका सिमानाका वासिन्दाहरूले सिमाना पार गरी भ्रमण गर्दा रितिरिवाज अनुसार चलेको मार्गको प्रयोग गर्नु पर्ने छ।

७, दुवै देश का सरकारी कर्मचारीहरू, तिर्थयात्रीहरू र व्यापारीहरूलाई सामान्य र मनासिब माफिकको दरमा यातायातको साधन प्रयोग गर्न सक्ने सुविधा रहने छ।

८, यो धाराको उपरोक्त प्रकरणहरूका व्यवस्थाहरू भएर पनि एक देशले आवश्यक ठानेमा आफनो क्षेत्रभित्र कुनै खास व्यक्तिको प्रवेशलाई इन्कार गर्न सक्नेछ।

९, यो धाराको उपरोक्त प्रकरण अनुसार एक देशमा प्रवेश गर्ने एक देशका नागरिकहरू अर्को देशद्वारा निर्धारित कार्यविधिलाई पालन गरेर मात्र अर्को देशमा रहन सक्नेछन्।

## धारा २

दुई सरकारहरूले चीनको तिब्बत स्वशासित क्षेत्र र नेपाल वीच तिर्थयात्रा चलनलाई कायम गर्न मन्जूर गर्दै यस प्रयोजनको लागि निम्न लिखित व्यवस्थाहरूमा सहमत भएका छन् :-

१, एक देशको सम्बन्धित स्थानीय अधिकारीहरूले अर्को देशबाट आएका तिर्थयात्रीहरूलाई आफनो क्षेत्रमा प्रवेश गर्न र प्रस्थान गर्नको लागि उपयुक्त सुविधा दिने छ।

२, एक देशमा प्रवेश गर्ने वा त्यहांबाट छाडने अर्को देशका तिर्थयात्रीहरूले यो सम्झौताको धारा १ को प्रकरण ४ मा तोकिएको कार्यविधिलाई पालन गर्नु पर्ने छ।

३, तिर्थयात्रीहरूले तिर्थयात्राका लागि ल्याएका निजी गुण्टा र वस्तुहरूमा दुवै सरकारले महसुल छुट दिने छन्।

## धारा ३

पारस्परिक रूपमा स्वीकृत गरिने कार्यविधिको अधीनमा रही औपचारिक तथा व्यापारिक अभिप्रायको सम्वन्धमा दुई देशको बीच मैत्रीपूर्ण सम्वन्धलाई विकास गर्न पारस्परिकताको आधारमा ल्हासा-कोदारी र काठमाडौ-कोदारी राजमार्गलाई पूरा प्रयोग गर्न दुवै सरकार मन्जूर गर्दछन्।

## धारा ४

एक देशमा अर्को देशको नागरिकहरूको शान्तिपूर्ण बसोबास तथा सामान्य व्यवसायलाई सुरक्षित गर्न र दुई देशको बीच मैत्री सम्वन्धलाई विकास गर्नका लागि दुवै सरकारहरू देहायको कुरामा सहमत भएका छन् :-

१, सम्वन्धित सरकारले आफ्नो देशको क्षेत्रमा अर्को देशको नागरिकहरूको ज्यूज्यान सम्पति र न्यायोचित हितको रक्षा गर्ने छ।

२, एक देशको क्षेत्रमा रहने अर्को देशको नागरिकहरू आतिथ्य देशको अधिकार क्षेत्रको अधीनमा रहने छन् र सोही देशको कानून नियमहरूको पालन गर्ने, करहरू तिर्ने र स्थानीय रितिरिवाजलाई मर्यादा गर्ने छन।

३, एक देशमा भएको अर्को देशका नागरिकसंग सम्वन्धित सबै देवानी र फौजदारी मुद्दाहरू वा झगडाहरू आतिथ्य देशको सरकारद्वारा हेरिने छ।

## धारा ५

दुई सरकारले चीनको तिब्बत स्वशासित क्षेत्र तथा नेपाल को बीचको व्यापारिक सम्वन्धलाई प्रोत्साहन तथा सहायता प्रदान गर्ने छन्। एक देशका सम्वन्धित अधिकारीहरूले आफ्नो क्षेत्रमा अर्को देशका व्यापारीहरू-को न्यायोचित हितको रक्षा तथा व्यापारिक गतिविधिलाई सुलभ गर्ने छन्। एक देशका व्यापारीहरू अर्कोको क्षेत्रमा रहंदा यहांको सम्वन्धित कानून तथा विनियमहरूको पालन गर्ने छन् र आतिथ्य देशको अधिकार क्षेत्रको अधीनमा रहने छन्।

दुई सरकारले चीनको तिब्बत स्वशासित क्षेत्र तथा नेपाल को बीच परम्परागत सिमाना इलाकामा गरिने सानो व्यापारको विकास गर्नु पर्दछ। स्थानीय सम्वन्धित अधिकारीहरूले अर्को देशको सिमानाका बा-सिन्दाहरूलाई यस प्रकारको वस्तु विनिमयमा आधारित सामान्य सानो तिनो व्यापारको सिलसिलामा सुरक्षा तथा सुविधा प्रदान गर्नु पर्दछ।

## धारा ६

जनवादी गणतन्त्र चीन सरकारले श्री ५ को सरकार द्वारा ल्हासामा गरिने महावाणिज्यदूतको स्थापनाको लागि स्वीकार गर्दछ।

श्री ५ को सरकार नेपालले जनवादी गणतन्त्र चीन सरकारद्वारा काठमाडौमा गरिने महावाणिज्यदूतको स्थापनाको लागि स्वीकार गर्दछ।

### धारा ७

दुई सरकारका स्थानीय पदाधिकारीहरूको मित्रतालाई सुदृढ़ वनाउन र दुई देशको सिमानाका वासिन्दाहरूको वीच कारोवारवाट उत्पन्न हुन ग्राउने समस्याहरूको समयमै समाधान गर्ने ग्रभिप्रायले दुई सरकारको सिमानाको क्षेत्रका स्थानीय पदाधिकारीहरूले ग्रावश्यकतानुसार वैठक गर्ने छन्।

प्रत्येक वैठकको पद, समय तथा स्थानको सम्वन्धमा दुई सरकारका स्थानीय सम्वन्धित पदाधिकारीहरूको पारस्परिक विचार-विमर्शद्वारा निर्णय गरिने छ।

### धारा ८

यो वर्तमान सम्झौताले २० सेप्टेम्वर १९५६ को जनवादी गणतन्त्र चीन र नेपाल ग्रधिराज्य को वीच मित्रताको सम्वन्धलाई कायम गर्ने र चीनको तिब्बत क्षेत्र तथा नेपाल को वीचको वाणिज्य र संसर्गको सम्झौता र सोही मितिमा सोही सम्झौताको सम्वन्धमा भएको पत्रको ग्रादान प्रदानलाई खारेज गर्ने छ।

यो वर्तमान सम्झौता हस्ताक्षर भएको मितिदेखि लागू हुने छ र दश वर्षको ग्रवधिको लागि लागू रहने छ। एक सरकारले यो वर्तमान सम्झौताको ग्रवधि वढाउने वा संशोधन गर्ने प्रस्ताव गरे मा र ग्रर्को सरकारको स्वीकृति प्राप्त गरेमा यो सम्झौताको ग्रवधि भुकान हुनु भन्दा ६ महिना ग्रगावै यो सम्झौताको ग्रवधि वढाउन वा संशोधनको लागि दुई सरकारद्वारा वार्ता गर्न सकिन्छ।

चिनियां, नेपाली, ग्रंग्रेजी भाषाहरूमा दुई प्रति पेकिङ मा २ मई १९६६ मा गरियो सवै प्रतिहरू समान रूपले प्रमाणिक छन्।

| | |
|---|---|
| 陈　毅 | नगेन्द्र प्रसाद रिजाल |
| जनवादी गणतन्त्र चीन सरकार को सर्वाधिकार सम्पन्न। | श्री ५ को सरकार नेपाल को सर्वाधिकार सम्पन्न। |

जनवादी चीन र नेपाल सरकारको
बीचमा मित्रताको सम्बन्ध कायम
गर्ने
र
चीनको तिब्बत-क्षेत्र र नेपालको बीच
वाणिज्य र संसर्गको सम्झौता।

जनवादी चीन र नेपाल सरकारले प्राचीन काल देखि दुइ देशको बीचमा चीरकाल देखी रहीआएको मित्रताको आधारमा निकटतम मित्रताको नाताले मैत्री सम्बन्ध अरू विकास गर्दै लजाने इच्छाले प्रेरित भएर यो पाँच सिद्धान्तहरू

(क) एकले अर्काको सार्वभौमिकता र राज्य क्षेत्रको अक्षुणताको सम्मान गर्ने।

(ख) अनाक्रमण

(ग) आर्थिक राजनैतिक र सैधान्तिक रूपका कुनै कारण बाट पनि एकले अर्काको आन्तरिक मामलामा हस्तक्षेप नगर्ने।

(घ) समानता र पारस्परिक हित, र

(ङ) शान्तिपूर्ण सह अस्तित्व

लाई आपसको सम्बन्ध निर्देश गर्ने मूल सिद्धान्तहरू हुनु पर्दछ भनी पुष्टी गर्दछन।

दुई पक्षले माथि उल्लेख गरिएका सिद्धान्तहरू बमोजिम वर्तमान सम्झौता गर्ने ठहऱ्याई यो कामको निमित्त देहायका व्यक्तिहरूलाई आफ आफनो सर्वाधिकार सम्पन्न प्रतिनिधि नियुक्त गरेकाछन।

(१) जनवादी चीन सरकारको तर्फ बाट नेपालको निमित्त महामहिम चीना राजदूत श्री पानजुली जस्ले परस्परको प्रमाणपत्र जाँचा ठीक र रित पूर्वक ठहराएकोले देहाय बमोजिम हुन मन्जूर गरेकाछन।

(२) नेपाल सरकारको तर्फबाट माननीय परराष्ट्र मन्त्री श्री चुडा प्रसाद श॰

## दफा १

सम्झौता गर्ने दुवै पक्षले परस्परमा एकले आर्काको सार्वभौमिकता जनवादी चीन र नेपाल राज्यको बीचमा शान्ती र मित्रता कायम राख्ने छन भनी घोषणा गर्दछन।

## दफा २

दुवै सरकारले परस्परमा राजदूतको स्तरमा कुटनीतिक प्रतिनिधि आदान प्रदान गर्ने निर्णयलाई पुन: पुष्टा गर्दछन।

## दफा ३

चीन र नेपालको बीच अघी भएको सबै सन्धी र सम्झौताहरूको साथ साथै चीनको तिब्बत-क्षेत्र र नेपालको बीच भएको सबै सन्धीपत्र र लिखोटहरू यस बाट खारेज गरिएका छन।

दफा ४

गरिला० दुवै पक्षले मन्जूर गरे बमोजिमको आफ आफ्नो मुलुकका स्थानहरूमा एक अर्काका नागरिकहरूले आर्को देशमा व्यापार, सफर र तीर्थयात्रा गर्न दिन मन्जूर गर्दछन। र दुवै पक्षले आफनो राज्य क्षेत्र भित्र बसेको अर्को पक्षका नागरिकहरूको हितको संरक्षण निवास गरेको देशको कानून अनुसार गर्न स्वीकार गरी सो कामको निमित्त देहाय बमोजिम मन्जूर गर्दछन।

प्याराग्राफ १। दुवै पक्षले परस्परमा ट्रेड एजेन्सीहरू खडा गर्न मन्जूर गर्दछन।

क। नेपाल सरकारलाई सिदसे शिगर्चा केरुंग र न्यालम कुती मा ट्रेड एजेन्सीहरू खडा गर्न दिनलाई चीन सरकार मन्जूर गर्दछ।

ख। चीन सरकारले नेपालमा समान संख्यामा ट्रेड एजेन्सीहरू खडा गर्न दिन नेपाल सरकार मन्जूर गर्दछ। ती ट्रेड एजेन्सीहरू जहां कहां रहने भन्ने कुरा दुवै पक्षले पछी विचार विमर्श गरी निश्चित गर्नेछन।

ग। दुवै पक्षका ट्रेड एजेन्सीहरू लाई समान दर्जा र व्यवहार प्रदान गरिनेछ। दुवै पक्षका ट्रेड एजेन्टले आफनो पदानुसार कार्य गर्दा निजहरूलाई गिरफतारी बाट स्वतन्त्र प्राप्त रहनेछ। ट्रेड एजेन्टहरू स्वयं र जीविकाका निमित्त निजहरू माथी आश्रीत निजका पत्नी बालबच्चाहरूलाई खान तलासी बाट स्वतन्त्रता प्राप्त रहनेछ।

दुवै पक्षका ट्रेड एजेन्सीहरूले कोड द्वारा खबर आदान प्रदान गर्न, मेलव्यागहरू पठाउन तथा कुरियर पठाउन सुविधा वा विशेषाधिकार उपभोग गर्नेछन।

प्याराग्राफ २। दुवै सरकारले दुवैथरिका व्यापारीहरूले देहायका स्थानहरूमा व्यापार गर्न पाउनेछन भनी मन्जूर गर्दछन।

क। चीन सरकारले ।१। ल्हासा, ।२। शिगात्से ।३। ग्यांचे र ।४। याग्तुंगमा व्यापार केन्द्र खोल्न दिन मन्जूर गर्दछन।

ख। नेपाल सरकारले नेपालमा चीनको व्यापार वृद्धि विकास भएपछी जब नेपालमा व्यापार केन्द्रहरूको स्थान तोक्नु आवश्यक हुन्छ तब समान वा पारस्परिकताको आधारमा नेपालमा व्यापार केन्द्रहरू खोल्न दिन मन्जूर गर्दछ।

ग। चीनको तिब्बत क्षेत्र र नेपालको बीच साविक बमोजिम वा निश्चित तवर बाट सिमानामा व्यापार गर्ने गरी आएका दुवै व्यापारीहरूले सिमानामा व्यापारको निमित्त पहिले देखी चलिआएको रिति स्थिति बमोजिम साविक देखी रहिआएको बजारहरूमा व्यापार गर्न पाउनेछन।

प्याराग्राफ ३। दुवै पक्षले एक मुलुकका धार्मिक अनुयायहरूलाई अर्को मुलुकमा धार्मिक रीति बमोजिम गर्न दिनामा मन्जूर गर्दछन। एक देशका यात्रुहरूले लगाउने किटा गुन्टा र तीर्थयात्राको निमित्त प्रयोग गरिने निजी सरसामानमा अर्को देश बाट महसूल लाग्नेछैन।

प्याराग्राफ ४। चीनको तिब्बत-क्षेत्र बीच र नेपालको सिमाना वारपार गर्दा दुवै देशका नागरिकहरूले साविक देखी चलनमा ल्याइराखेको मार्गहरूको प्रयोग गर्नेछन भनी दुवै पक्षले मन्जूर गर्दछन।

प्याराग्राफ ५। दुवैदेशका नागरिकहरूले सिमाना पार गरी भ्रमण गर्नालाई देहायका प्रणालीहरू अपनाउन दुवै सरकार मन्जूर गर्दछन।

वा नेपालमा कुनै तेस्रो मुलुक बाट प्रवेश गर्दा पनि आफ्नाआफ्नो सरकार बाट जारी भै अर्को देशको सरकारले भिसा प्रदान गरेको पासपोर्ट साथमा लिनु पर्नेछ।

ख। चीनको तिब्बत-क्षेत्र र नेपालको बीच साविक देखी र निश्चित जगह बाट व्यापार गर्नेगरी आएका दुवैदेशका व्यापारीहरू तिनीहरूका पत्नीहरू र जीविकाको निमित्त निजहरूमा आश्रीत बालबच्चा र यो प्यारागाफको नम्बर (ग) मा नपरेका निजहरूका कामदारहरू चीनको तिब्बत क्षेत्र अथवा नेपालमा व्यापार गर्नालाई प्रवेश गर्नाको निमित्त आफआफनो सरकार वा आफनो सरकार बाट अख्तियार पाएका अड्डा अफिस बाट नियम पूर्वक जारी भएका प्रमाणपत्र वा अर्कोपक्षले प्रदान गरेको भिसा अनिरको पासपोर्ट लिनु पर्नेछ।

ग। दुइ देशको सिमाना स्थित जिल्लाका निवासीहरू जो मामुली व्यापार गर्न आफ्नो मित्र, नातेदारहरू भेटना समयानुकूल स्थान बदल्न पहिले साविकदेखि गरिआए बमोजिम अर्को देशको सिमाना स्थित जिल्लाहरूमा प्रवेश गर्नचाहन्छन र यसको लागी पासपोर्ट. भिसा प्रमाणपत्रको कागजातहरू वा पर्मिटलिइरहनु पर्नेछैन।

घ। दुवै देशका तीर्थयात्रीहरूले तीर्थयात्रा गर्ने उद्देश्यले चीनको तिब्बत-क्षेत्र वा नेपालको बीच सिमाना वारपार गर्नुपर्दा माथी उल्लेख गरिएका प्रमाणपत्रका कुनै कागजातमा पर्मिटलि रहनुपर्दैन,तर सिमाना स्थित चेकपोष्ट वा अर्कोपक्षको अख्तियार पाएका सर्वप्रथम सरकारी अड्डामा रजिष्टर हुनुपर्नेछ र तिनीहरूले कहाँबाट यात्रा गर्न पाउने इजाजत पाउनेछन।

ङ। यो प्यारग्राफको माथी लेखिएका नम्बरहरूमा जे लेखिएतापनि कुनै एक पक्षले कुनै खास व्यक्तिलाई प्रवेश निषेध गर्न पनि सक्नेछ।

च। यो प्यारागाफको माथी लेखिएका नम्बरहरू अनुसार अर्कोदेशको क्षेत्रभित्र प्रवेशगर्ने दुवै देशका नागरिकहरूले उक्त देशको जारी गरेको नियमहरूको पालनागरी मात्र बस्न सक्नेछन।

## दफा ५

यो सन्धीपत्र अनुमोदन गरिनेछ र परस्परबाट अनुमोदन गरेको सूचना प्राप्त भएपछी आठवर्ष सम्मको लागी कायम रहनेछ। यो सम्झौताको अवधी बढाउन कुनै एक सरकारले तोकिएको अवधी खतम हुनुभन्दा ६ महिना अगाडी अनुरोध गरेमा र तेसमा अर्कोसरकारले मन्जूर गरेमा, दुवै सरकारले सो अवधी बढाउने बारे छलफल गर्न सक्नेछ।

आज मुकाम काठमान्डूमा इस्वीसन १९५६ सेप्टेम्बर २० तारिख तदनुसार विक्रमसम्वत २०१३ साल आश्विन ५ गते रोज ५ को दिन चीनी, नेपाली र अंग्रेजी भाषामा, तिनै भाषा उत्तिकै मान्यहुने गरी, सन्धीपत्रको हरेकको दुइ दुइ प्रतिमा सहिछाप भयो।शुभम।

潘自力

जनवादी चीन सरकारको
सर्वाधिकार सम्पन्न।

नेपाल सरकारको
सर्वाधिकार सम्पन्न।